आज मिती २०८३ साल असार ०८ गते यस लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष श्री लोप्साङ छोम्पेल बिष्ट को अध्यक्षतामा बसेको गाउँसभाको २२औं गाउँसभाको बैठकले तपसिल बमोजिमको सभा सदस्यहरुको उपस्थितिमा देहायबमोजिमको प्रस्ताव उपर छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

<u>उपस्थिती :</u>

१. अध्यक्ष श्री लोप्साङ छोम्पेल बिष्ट

२. उपाध्यक्ष श्री छिरिङ ल्हामो गुरुङ

३. सदस्य श्री टै धुन्टु ठकुरी

४. थुक्तेन छिरीङ गुरुङ

५. सदस्य श्री झव्याङ तेन्जिङ गुरुङ

६. सदस्य श्री झयाङ छेसा गुरुङ

७. सदस्य श्री पासाङ गुरुङ

८. सदस्य श्री कर्म केसाङ गुरुङ

९. सदस्य श्री पासाङ भुटी गुरुङ

१०. सदस्य श्री कचाङ छुटेन गुरुङ

११. सदस्य श्री कृष्ण बि.क.

१२. सदस्य श्री छिरीङ विटिङ गुरुङ

१३. सदस्य श्री जिग्मे वाङ्दि बिष्ट

१४. सदस्य श्री टसि लिण्डुम गुरुङ

१५. सदस्य श्री पेमा घ्रिङ गुरुङ

१६. सदस्य श्री ङिमा गुरुङ

१७. सदस्य श्री छिवे धोर्चे गुरुङ

१८. सदस्य श्री सम्तेन धार्चे गुरुङ

१९. सदस्य श्री सम्तेन ढाक्या गुरुङ

२०. सदस्य श्री स्याक्या गुरुङ

२१. सदस्य श्री छुमी गुरुङ

२२. सदस्य श्रद्व ङ्वाङ गुरुङ

२३. सदस्य श्री ङवाङ छवतर गुरुङ

२४. सदस्य श्री कर्म छिटो गुरुङ

२५. सदस्य सचिव श्री सरोज उपाध्याय

<u>आमन्त्रित सदस्य</u>

प्रशासकिय अधिकृत श्री शोभा पुन
शिक्षा अधिकृत श्री प्रचण्ड न्यौपाने
ईन्जिनियर श्री लोकेन्द्र जोशी
सहायक महिला बिकास अधिकृत श्री सुक देवि गुर्वजा
सहायक आलेप अधिकृत नेत्र प्रशाद पैडेल
सुचना अधिकृत श्री रन्जित थकाली
प्रशासन पाचौ श्री माधव गौतम
लेखापाल श्री दिव्यराज उपाध्याय
सव ईन्जिनियर श्री प्रतिमा राई

बिशेष अतिथि श्री खेन्पो ढोमा गुरुङ

बिशेष अतिथि श्री टसि आङ्चा गुरुङ

बिशेष अतिथि श्री छेवाङ ज्योन्देन बिष्ट

बिशेष अतिथि श्री याङ्छेन ढोल्कर गुरुङ

बिशेष अतिथि छेटुक गुरुङ

बिशेष अतिथि श्री छिरीङ गोम्पो गूरुङ

बिशेप अतिथि श्री सम्तेन ढावा गुरुङ

बिशेष अतिथि श्री टसी पाल्जोर गुरुङ

प्रस्ताव हरु

१. आगामी आर्थिक बर्ष २०८३।०८४ को वार्षिक नीती तथा कार्यक्रम र बजेट पारित गर्ने सम्बन्धमा ।

२. गाउँपालिकाको संसोधित बित्तिय बिवरण प्रकासित गर्ने सम्बन्धमा ।

३.चालु आर्थिक वर्ष २०८३।०८४ सम्मको कार्यपालिकाको निर्णय अनुमोदन सम्वन्धमा

४.प्रोत्साहन भत्ता सम्बन्धमा ।

५. बेरुजु सम्परिक्षण सम्बन्धमा ।

निर्णयहरु:

निर्णय न. १

प्रस्ताब न १ माथि छलफल गर्दा गाउँसभामा पेस भएको प्रस्तावहरु उपर बृहत छलफल गरी आर्थिक वर्ष २०८३।०८४ को निती तथा कार्यक्रम र आर्थिक वर्ष २०८३।०८४ को प्रस्तावित कुल ३४ करोड १६ लाख ६४ हजार रुपैयाको अनुमानित आय र व्यअको स्वकृत गरी गाउँसभावाट सर्वसम्मतले पारित गरी आर्थिक वर्ष २०८२।०८३ सम्मको खर्च स्वकृत सर्वसम्मत गर्ने निर्णय गरियो ।

निर्णय न. २

प्रस्ताव न २ माथि छलफल गर्दा आ ब २०८२।०८३ जेठ सम्मको बित्तिय प्रगति बिवरण समिक्षा गरि पारित गर्ने निर्णय गरियो ।

निर्णय न. ३

प्रस्ताव न. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को साउन १ गते देखी गाउँकार्यपालिकाको बिभिन्न समयमा बसेको बैठेकले गरेका निर्णयहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय न.४

प्रस्ताव न ४ माथी छलफल गर्दा कर्मचारीको कार्यसम्पादनमा प्रोत्साहन गर्न गाउँपालिकामा कार्यरत बिभिन्न शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत स्थायी र करार कर्मचारीहरुलाई एक महिनाको सुरुको तलब स्केलको २५ प्रतिसतले हुन आउने रकम प्रोत्साहन को लागी भुक्तानी दिन निर्णय गरियो ।

निर्णय न.५

प्रस्ताव न ५ माथी छलफल गर्दा लेखा समितिबाट पेश भएको बेरुजु नियमित गर्ने प्रतिवेदन प्रस्ताव प्रस्तुत गर्न लेखा समितिका संयोजक श्री छिरीङ ल्हामो गुरुङलाई सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात लेखा समितिको प्रस्ताव प्रस्तुत हुँदा गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि २०८१।०८२ सम्मको फस्यौट हुन बाँकी बेरुजु मध्ये नियमानुसार नियमित गराउनु पर्ने रु ६६ लाख ४५ हजार ३ सय ५७ सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्न सभामा छलफल गरी प्रस्तुत प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो।

क्र.स	आर्थिक बर्ष	दफा	बेरुजुको व्यहोरा	रकम	नियमित हुने आधार	रकम
१.	२०७४। ७५	२७	सिमा भन्दा बढी भुक्तानी- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कार्यालयले निकासा लिई बजेटको सीमा भित्र रही निधारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयले बजेटको सीमा भन्दा रु. ६,३२,०००। बढी आधारभूत तहको तलव भत्तामा खर्च लेखेको नियमित गर्नुपर्ने	६६२०००	यस गाउँपालिकाको गाउँ कार्यपालिकाले सिमा भन्दा बढी खर्च सम्बन्धमा लेखा समितिमा छलफल गराएको र आधारभुत तहको तलब भत्ता शीर्षकबाट प्रा.वि तह तथा माध्यामिक तहका शिक्षकहरुलाई विनियोजित शीर्षकमा रकम नपुग भएकोले शिक्षक तलब खर्च हो। यसबाट कुनै पनि सरकारी हानी नोक्सानी भएको छैन। अत आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९ बमोजिम उक्त बेरुजु नियमित हुनुपर्ने भएकाले सम्परिक्षण गरिदिनुहुन अनुरोध गर्दछौं ।	६६२०००

२.	२०७५।०७६	२६	सार्वजानिक खरिद ऐन २०६३ अनुसार दफा ८ को २ मा उल्लेख भए अनुसार एउटै प्रकृतिको काममा टुक्रा टुक्रा गरि गर्ने नसकिने र सोहि ऐनको दफा ४४ मा मा उपोभोक्ता समिती बाट खरिद गर्दा मितव्यहिता गुणस्तरियता र दिगोपना अभिबृद्धि हुने गरि काम गराउने व्यवस्था छ ।यस गाउँपालिकमा एउटै वडा मा एउटै प्रकृतिका कार्य गर्दाससाना प्याकेज बनाई एक भन्दा बढि उपभोक्ता समिती गठन गरि तोकियको काम अनियमित भएको देखिन्छ ।	११००००००	सार्वजानिक खरिद ऐन तथा अन्य प्रचलित ऐन तथा नियमावलि को प्रतिकुल नहुने गरी उपलब्ध बजेट तथा तत्कालिन आवश्यकता तथा सेवा प्रवाहमा असर नपर्ने गरी उपभोक्ता समिती मार्फत बिभिन्न योजना समयमै सम्पन्न भएका हुन,उक्त योजनाहरु एउटै वटामा भएपनि फरक फरक र टोलहरु मा आफ्नै मौलिक पहिचान र प्रतिकहरु फरक पर्ने भएकाले टुक्राउनु परेको हो । प्रतिस्पधात्मक खरिद प्रकृया तथा कानुनि सिमा छल्ने मनसाय बाट खरिद टुत्रयायको होईन ।साथै उक्त खरिद बिधीले उपभोक्ता समितीको मुख्य मकसद रोजगारी सृजना र खरिद प्रकृयामा स्थानिय स्रोत,साधन, र हुने हेतुले निर्माण कार्य अघाडि बढाईएको हो ।यसले पालिकालाई कुनै स्रोत साधनमाथि हानि नोक्सान भएको छैन । र भविष्यमा यस्ता प्रकृतिका खरिद प्रकृया अपल्याउदा खरिद योजना बनाई यथासम्मत एकमुष्ट सार्वजानिक खरिद ऐन २०६३ तथा नियमावलि २०६४ मा व्यवस्था भए अनुसार गर्ने प्रतिबद्धता व्यक्त गर्दछौ ।	११००००

३.	०७५।०७६	४०	सार्वजानिक खरिद नियमाबलि ६४ को सार्वजानिक निकायले रु विसहजार भन्दा माथिको आर्थिक कारोबारो गर्दा मुअ करमा दर्ता भएको फर्म तथा निर्माण व्यसायी संगमात्र गर्नुपर्ने कानुनी व्यवस्था रहको छ ।भुगोल आर्ट बाट रु २८ हजार,विश्वास फर्निचर उद्योगबाट १ लाख ६१ छ सय र कोराला सन्टक्सन प्रालिबाट ७९ हजार आठसय भुक्तानि भएकोले नियमित गर्नुपर्ने देखिन्छ ।	२६९४००	नन फाईलर सम्बन्धमा सम्बन्धित फर्मबाट प्राप्त जानकारी तथा संलग्न कागजात अनुसार सम्बन्धित कारोबार वास्तविक रहेको, सामान कार्यालयले प्राप्त गरी नियमानुसार प्रयोग दाखिला गरिएको तथा सम्बन्धित फर्मले हाल कर विवरण दाखिला गरी फाइलर स्थिति कायम गरेको जानकारी प्राप्त भएको छ।भुक्तानी गर्दा कार्यालयको उद्देश्य सामान प्राप्त गर्नु रहेको र सरकारी रकममा कुनै हानि–नोक्सानी नभएको व्यहोरा अनुरोध गरिन्छ। भविष्यमा भुक्तानी गर्नु अघि करदाता फाइलर/नन–फाइलर अवस्था समेत यकिन गरी मात्र भुक्तानी गरिने प्रतिबद्धता व्यक्त गरिन्छ।	२६९४००

४.	०७५।०७६	३५	मअ कर नियमावलि २०६४ को नियम १७ बमोजिम मुअकर मा दर्ता भएको व्यक्तिले बस्तु तथा सेवाको आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वकृति गरेदेखी बाहेक प्रापकले अनुसुचि ५ बमोजिम कर बिजक दिनु पर्दछ भन्ने भएता पनि लक्ष्मि नि सा स पोखरा बाट सामाना आपुर्ति गर्दा फोटोकपि बिल बाट भुक्तानी भई भएकोले नियमित गर्नुपर्ने देखिन्छ ।	२१७७४१	खरिद गरिएका सामान वास्तविक रूपमा प्राप्त भई कार्यालयमा प्रयोग गरिएको छ। सोको प्रमाणस्वरूप जिन्सी दाखिला, बुझिलिने प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन तथा सम्बन्धित कागजातहरू संलग्न गरिएको छ। सम्बन्धित आपूर्तिकर्ताबाट उक्त बिलको प्रति प्राप्त भएको तथा उक्त बिल बमोजिम रकम पालिकाबाट भुक्तानी गरेको र सो कारोबार आफ्नो लेखामा समावेश गरेको व्यहोराको महालेखापरिक्षक प्रतिवेदमापत्र उल्लेख गरिएको छ । भुक्तानी भएको रकम दोहोरो भुक्तानी नभएको तथा स्थानीय तहलाई कुनै आर्थिक हानिनोक्सानी नपुगेको व्यहोरा महालेखा परिक्षणको प्रतिवेदनले पुष्टि गरिएको छ। भविष्यमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानुन २०७७ को नियम ३९ को उपनियम १० बमोजिम प्रकृया पुगेपछि मात्र भुक्तानि गरिने प्रतिवद्धता व्यक्त गर्दछौं ।	२१७७४१

५.	२०७७।०७८	४०	मुअ कर ऐन २०५२ को दफा १८ को १ ले करदाताले प्रत्येक महिना मअ कर स्वयम् घोषणा गरी महिना समाप्त भएको २५ दिन भित्र बुझाउनु पर्ने कानुनी व्यवस्था रहेको छ ।आयकर ऐन २०५८ को प्रत्येक व्यक्ति वा फर्मले आव सकियको ३ महिना भित्र र म्याद थप भए बढिमा ३ महिना आन्तरिक राजस्व कार्यालयमा थप ३ महिना भित्र आय बिवरण पेश गर्नु पर्ने व्यवस्था छ ।गाउँपालिका प्रशासनिक भवन र जनज्योती आबिको भवन निर्माणको भुक्तानी गर्दा ईम्मोटल/कोमल कन्टसन नन्फाईलरलाई भुक्तानि भएको	१८५९३४०	उल्लेखित कारोबारोको सम्बन्धमा सम्वन्धित फर्मबाट प्राप्त जानकारी तथा संलग्न कागजात अनुसार सम्बन्धित कारोबार वास्तविक रहेको, निर्माण कार्य पुरा गरी नियमानुसार प्रयोग आई हाल सोही ठाउँमा बिद्यालय तथा गाउँ कार्यपालिका समेत संचालनमा रहेको तथा सम्बन्धित फर्मले हाल कर विवरण दाखिला गरी फाइलर स्थिति कायम गरेको प्रमाण संलग्न गरिएको छ।भुक्तानी गर्दा कार्यालयको उद्देश्य सार्वजानिक खरिद ऐन तथा नियमावलिको प्रतिकुल नहुने गरि खरिद कार्य सम्पन्न भएको र स्थानिय तह तथा साझेदार सरकारी निकाय हरुलाई कुनै हानी हानि–नोक्सानी नभएको व्यहोरा अनुरोध गरिन्छ। भविष्यमा भुक्तानी गर्नु अघि करदाता फाइलर/नन–फाइलर अवस्था समेत यकिन गरी मात्र भुक्तानी गरिने प्रतिबद्धता व्यक्त गरिन्छ।	१८५९३४०

६.	०७८।०७९	३	फोटोकपि बिल बाट भुक्तानि घिलिङ खेत पर्खाल, ताङ्या स्याउबारीमा तारजालि निर्माण, घिलिङ लुई केवल कुलो निर्माण	२८०८९६	निर्माण गरिएको योजना वास्तविक रूपमा सम्पन्न भई अहिलेपनि निरन्तर रुपमा प्रयोग भई रहेको छ। सोको प्रमाणस्वरूप कार्य सम्पन्न प्रतिवेदन तथा सम्बन्धित कागजातहरू संलग्न गरिएको छ। सम्बन्धित आपूर्तिकर्ताबाट उक्त बिलको सक्कल प्रति प्राप्त भएको उक्त रकम भुक्तानी भई सो कारोबार पालिकाले आफ्नो लेखामा समावेश गरेको व्यहोराको महालेखापरिक्षक प्रतिवेदनमा उल्लेख गरिएको छ। भुक्तानी भएको रकम दोहोरो भुक्तानी नभएको तथा स्थानीय तहबाट कुनै आर्थिक हिनामीना नपुगेको व्यहोरा प्रमाणसहित पुष्टि गरिएको छ। भविष्यमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानून २०७७ को नियम ३९ को उपनियम १० बमोजिम सक्कलै कर बिजक तथा आवश्यक प्रमाण कागजात संलग्न भएपछि मात्र भुक्तानी गरिने प्रतिबद्धता व्यक्त गर्दछौं।	२८०८९६

७.	२०७९। ०८०	५५	सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ९७ मा मालसामान खरिद गर्न सकिने व्यवस्था रहेको देखिदैन ।चराङ युवा क्लव र घिलिङ समाज घर आबश्यक फर्निचरका र अन्य आबश्यक सामानहरु उपभोक्ता समिती मार्फत खरिद गरी सोही उपोभोक्ता समितीलाई भुक्तानि गरिएको देखियो ।	१९४००००	सार्वजानिक खरिद ऐन तथा अन्य प्रचलित ऐन तथा नियमावलि को प्रतिकुल नहुने गरी उपलब्ध बजेट तथा तत्कालिन आवश्यकता तथा सेवा प्रवाहमा असर नपर्ने गरी खरिद गरियको हो ।खरिद माग फारम,लागत अनुमान तयार गरि खरिद गरिएको,सम्झौता,खरिद आदेस र स्टोर दाखिला लगाएतका कागजात हरु समावेस रहको छन। प्रतिस्पधात्मक खरिद प्रकृया तथा कानुनि सिमा छल्ने मनसाय बाट खरिद टुक्रयायको नभई स्थानिय माग तथा सिधै उपभोक्ता हरुको आफ्नै मौलिक पहिचान रङ्ग रोगन तथा आकार प्रकृती अन्य भन्दा फरक रहनुका साथै सामाग्रीको उपयोग र उनिहरुकै रेख देखमा सामाग्री हरु संचालन हुने भएकाले खरिद गरिएको हो ।यसले पालिकालाई कुनै आर्थिक हानि नोक्सान गरेको छैन । र भविष्यमा यस्ता प्रकृतिका खरिद प्रकृया अपल्याउदा खरिद योजना बनाई एथासम्मत अधितम प्रतिस्पर्धा र गुणस्तर लगायत सार्वजानिक खरिद ऐन तथा नियमावलिमा को मुख्य सिद्धान्त बिपरित नहुने गरि खरिद प्रकृया अपल्याउने प्रतिबद्धता व्यक्त गर्दछौ ।	१९४००००

८.	२०८१।०८२	३१	सार्वजानिक खरिद नियमावलि २०६४को नियम १९ मा सार्वजानिक निकायले खरिद गर्दा आन्तरिक राजस्व कार्यलय बाट स्थायि लेखा नम्बर र मुअकर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति,फर्म,संस्था, कम्पनी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।साथै सोहि उपनियमको २ को १ मा रु विसहजार भन्दा बढिको सामाग्री खरिद गर्दा मुअकरमा दर्ता भएको आपुर्तिकर्ता बाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको कृषि शाखाबाट कृषि घुम्ति तालिमा संचालनको लागी विसहजार माथिको भुक्तानि भएको देखियकोले नियमित गर्नुपर्ने देखिन्छ ।	१८८४८०	सम्बन्धित आपूर्तिकर्ताबाट उक्त बिलको सक्कल प्रतिलिपि तया सो बिल बमोजिमको रकम आपुर्तिकर्तालाई भुक्तानी गरीयको हो ।नेपालको मुल्य अभिवृद्धि कर सम्बन्धि ऐन को अनुसुचि १ तथा नियमावलिमा कृषि जन्य बस्तुहरुमा पान बिल बाट कारोबारो गर्न सकिने व्यवस्था अनुरुप पान बिलमा कारोबारो गरिएको हो ।स्थलगत तालिम पालिकाको बिभिन्न ठाउको विभिन्न समयमा मागमा आधारित भई संचालन गरिएको हुदा आबश्यक सामाग्रिहरु र बिलबिजक समेत सोहि बमोजिम ल्याईयको हो । र बाकि खर्च मापदण्डको सन्दर्भमा पालिकाको कार्यसंचालन निर्देशिका अनुसार तालिममा सहभागिहुने लाभग्राहिलाई खाजा खुवाउन सकिने व्यवस्था अनुरुप भएको छ। साथै उक्त भुक्तानी दोहोरो भुक्तानी नभएको, यस स्थानीय तहलाई कुनै प्रकारको आर्थिक हानि नोक्सानी नपुगेको महालेखापरिक्षको प्रतिवेदनमा उल्लेख गरिएको छ। खरिद गरिएका तालिम सामाग्रीले उक्त तालिम अझबढि प्रभावकारी र प्रयोगात्मक भई किसानहरुले वास्तविक लाभ प्राप्त गरिएको देखीन्छ । भविष्यमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानून, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार नै सेवा खरिद गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ।	१८८४८०

९.	०८११०८२	६९	आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को २४ को २ अनुसार सरकारी स्रोत र साधनको उच्चतम प्रतिफल दिने गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढङ्गबाट गर्नुपर्ने व्यवस्था रहेको छ ।साथै सार्वजानिक खर्च मितव्ययि तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०८१ अनुसार नियमित कामका लागी वैठेक भत्ता लिन नहुने व्यवस्था रहेको छ ।कार्यलय समयमा बैठेक बसेको वा कार्यालय समय बाहेको बैठेक बसेको हो या हैन बैठेकमा कुन सदस्यले कुन जिम्वेवारी निर्वाह गरेको हो सो समेत एकिन हुन नसकियको,र भुक्तानी सिफारीस मलेप फान २०२ समेत पेस नभएकोले नियमित गर्नुपर्ने देखिन्छ ।	१२७५००	नेपालको सार्वजानिक खरिद ऐन २०६३ र नियमावलि २०६४ मा बिभिन्न दफा तथा नियममा उल्लेख भए बमोजिम खरिद गर्न:पालिकाको खरिद कार्यको लागी बिभिन्न समिती गठन भएका छन ।उक्त समितीमा रहने कर्मचारिहरु कानुन उल्लेख भए अनुसार नै रहेका छन । खरिदका विभिन्न प्रकृती अनुसार खरिद समिती तथा मुल्याङ्कन समितीमा बिषय विशेषज्ञहरुको आवश्यकता पर्ने भएकाले बिभिन्न कर्मचारिलाई आमन्त्रित सदस्यको रुपमा समितीमा राखिएको हो । यस पालिकाको कार्यसंचालन निर्देशिका २०८० दफा (३) उपदफा (१) (च) र सोहि दफा उपदफा (३) को (ठ)प्रचलित कानुन तथा बार्षिक कार्यक्रम बमोजिम गठित वा कार्यदलको बैठको लागी प्रति बैठेक रु १२०० कर सहित दिन सकिने व्यवस्था भए अनुरुप खरिद समिती, मुल्याङ्कन समितिका सदस्यहरु लाई भुक्तानि गरिएको हो । उक्त कारोबारोमा दोहोरो भुक्तानी नभएको, साथै यसबाट गाउँपालिकालाई कुनै प्रकारको आर्थिक हानि नोक्सानी नपुगेको भन्ने महालेखा परिक्षको को कार्यालयबाट पुष्टि गरिएको छ। भविष्यमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ र नियमावलि २०७७ अनुसार, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजानिक खर्च मितव्यी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०८१ र खर्चलाई प्रमाणित गर्ने अन्य आवश्यक प्रमाण कागजात संलग्न भएपछि मात्र भुक्तानी गर्नेछौं ।	१२७५००